
# लेखापरीक्षण प्रतिवेदन

## कन्चन गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## कन्चन गाउँपालिका, रुपन्देही

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख ब्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट बिनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/485

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
कन्चन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

कञ्चन-२, बेउरी, रुपन्देही।

**कैफियतसहितको राय**

हामीले कन्चन गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म. ले. प. फा. न. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १६ करोड ५० लाख १४ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. ३७ लाख समेत रु. १६ करोड ८७ लाख १४ हजार सुत्रमा लेखाङ्कन गरेको छैन ।

२. कन्चन गाउँपालिकाको रु. १ अर्ब २७ करोड ८२ लाख २७ हजारको लेखापरीक्षण गरिएकोमा रू. १ करोड १६ लाख ८८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. २० लाख ७९ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी रहेको बेरुजु रू. ९६ लाख ८ हजार मध्ये असुल गर्नुपर्ने रु. ३ लाख २७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१३ लाख १६ हजार, नियमित गर्नुपर्ने रु.७९ लाख ६५ हजार रहेको छ।गाउँपालिकाको गत वर्षसम्मको बेरुजु रु.११ करोड ७१ लाख ६९ हजार रहेकोमा रु. ३ करोड १६ लाख २२ हजार फर्स्यौट भज्ञ सम्परीक्षण पश्चात रु.८ करोड ५५ लाख ४७ हजार बेरुजू बाँकी रहेको र यस वर्षको बेरुजुसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.९ करोड ५१ लाख ५५ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौ।

**अन्य बेहोरा**

यस गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाउँपालिकाको व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका

जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६७ | ९५ | १,१६,८७,५६८ | ० | २८ | २०,७९,१९८ | ० | ६७ | ६७ | ९६,०८,३७० | ३,२७,४९० | ७९,६४,६८० | १३,१६,२०० | ० | ० | ९२,८०,८८० | ० |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रुपन्देही | ११,७१,६९,००० | | ३,१६,२२,५४६ | ८५५४६४५४ | ० | ९६,०८,३७० | ९५१५४८२४ |

बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ५०.२ | करार तथा सफ्टवेयर | ९,३०,९३० |
| २ | २०७७/७८ | ३० | गाउँपालिकाको प्रशासनिक भवन | १,४८,४१,०९० |
| ३ | २०७७/७८ | ३७ | प्रगति मा बि | ६२,४३,९०१ |
| ४ | २०७७/७८ | ५३ | अनुदान | १०,००,००० |
| ५ | २०७९/८० | ७४ | शीर्षक फरक पारी खर्च | २०,७८,०३६ |
| ६ | २०७९/८० | ४५.१ | बगही देखि बाजबजाह दयानगर कालोपत्रे सडक निर्माण | १,७०,००० |
| ७ | २०७९/८० | ७६ | पेश्की बाँकी | ७,००,००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | ४६ | परामर्श खर्च | १९,८८,८०० |
| ९ | २०७९/८० | ६४ | क्याम्पस अनुदान | ३०,००,००० |
| १० | २०७९/८० | २९ | अन्य कार्यालय खर्चः | ६०,७८० |
| ११ | २०७९/८० | २७ | अन्य कार्यालयको नाममा भएको खर्च | २,५०,००० |
| १२ | २०७९/८० | २० | विनियोजनभन्दा वढी खर्च | ३,५९,००८ |
| १३ | २०८०/८१ | ३१ | वडा समितिको बैठक भत्ता | ३,०६,००० |
| १४ | २०८०/८१ | ८१ | फरक सिमेन्टको प्रयोग | ९,०५१ |
| १५ | २०८०/८१ | ६७ | प्रोभिजनल सम | १२,३८२ |
| १६ | २०८०/८१ | ७५ | तराई-मधेश समृद्धि कार्यक्रम | ४,१०,३६० |
| १७ | २०८०/८१ | ४६ | कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १३,००,००० |
| १८ | २०८०/८१ | ३९ | आन्तरिक लेखापरीक्षण | ११,३२७ |
| १९ | २०८०/८१ | ८३ | विल वेगर भुक्तानी | ६,१५० |
| २० | २०८०/८१ | ६८ | बढी भुक्तानी | १६,१२४ |
| २१ | २०८०/८१ | ८२ | मूल्य अभिवृद्धि कर | ७,८०४ |
| जम्मा | | | | ३,३७,०१,७४४ |

# (८०५४८५०२३०० - कन्चन गाउँपालिका, रुपन्देही )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा ५८.५१ वर्ग किलोमिटर क्षेत्रफल तथा ४२५२८ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।७ देखि २०८१ ।८।९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ गरी जम्मा रु. १ अर्ब २७ करोड ८२ लाख २७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २२८२२।- असुल भइ दाखिला प्रमाण पेश भएको छ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | पन्त निर्माण सेवा पूर्वनिर्धारित क्षतिपूर्ति रकम दाखिला | १३४६५ |
| २ | ढिला राजस्व दाखिला | ९३५७ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,३१,०९० |

६१ **फिटिङ्ग खर्च**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तदायि ऐन, २०७६ को दफा १८ मा स्वीकृत बजेट बमोजिम खर्च गर्ने व्यवस्था गरेको छ । पालिकाले सिँचाई सम्बन्धि यन्त्र उपकरण ७५ प्रतिशत अनुदान कार्यक्रमबाट लागत सहभागितामा उपकरण खरिदका लागि रकम दिनुपर्नेमा सो विपरित निर्णय गरी श्री शिवमन्दिर डिप ट्युबेल सिँचाइ जल उपभोक्ता समितिलाई फिटिंङ खर्चका लागि रु.१००००० ।- भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

६२ **पम्पसेट वितरण**

खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। साथै पालिकाले सिँचाई सम्बन्धि यन्त्र उपकरणका लागि कृषकको लागत सहभागित हुने गरी खरिद कार्य गर्नुपर्ने र सूचना गरी माग तथा छनौटका आधारमा सामाग्री खरिद वितरण गर्नुपर्नेमा सूचना वेगर असार मसान्तमा रु. २४८१००।०० खर्च गरी वडा नं २ का १७ वटा कृषकहरुलाई निशुल्क पम्पसेट तथा वाटर पम्प (१७ थान wp30 petrol water pump र १ थान Diesel water pump वितरण गरेको पाईएकोले यस सम्बन्धमा भएको छनौटको निर्णय र फोटो सहितको जडान तथा अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ । यसरी सूचना वेगर सोझै वितरण गर्ने कार्य नियम सम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,४८,१०० |

६३ **विद्युत मर्मत तथा पोल खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ ।पालिकाले विद्युत मर्मत जस्तो जटिल कार्यका लागि भौ नं ३५९।०८१।३।१७ बाट विभिन्न स्थानहरुमा विद्युत मर्मत तथा पोल खरिदका लागि सोही उपभोक्ता समितिलाई रु १९९६२१।०० को कार्य गराई रु. १५३४९१।०० भुक्तानी दिएको नियम अनुसार नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५३,४९१ |

६४ **क्याम्पसलाई अनुदान**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यन्वयन निर्देशिकामा स्थानीय तहबाट सम्पादन हुने शैक्षिक क्रियाकलाप अन्तर्गत माध्यामिक विद्यालय तहसम्म तलव भत्ता तथा विद्यालय गतिविधिसंग सम्वन्धित क्रियाकलापमा खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले माध्यामीक तह सम्मका विद्यालयमा मात्र बजेट विनियोजन गरी कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले हरैया वहुमखी क्याम्पसलाई फर्निचर खरिदको लागि रु ५०००००।- खर्च लेखेको छ ।क्याम्पसलाई विश्व विद्यालय तथा अन्य प्रदेश सरकारबाट अनुदान पाउने गरेकोमा पालिकाको कार्य क्षेत्र वाहिर गई खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

६५ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र योजना अनुसार २० लाख रुपैया भन्दा बढी लागत अनुमान भएको मालसामान निर्माण कार्यको बोलपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था छ भने नियम ८५ मा रु. १०

लाख सम्मको लागत अनुमान भएको मालसामान वा निर्माण कार्य सोझै खरिद गर्न सकिने तर एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सिमा भन्दा बढि रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने व्यवस्था छ । पालिकाले मसलन्द तथा कार्यालय सामान पटक पटक गरी रु ४०७३०००।- सोझै खरिद गरेको छ ।पालिकाले खरिद नियमावलीमा भएको व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

६६ **परामर्श खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२, परिच्छेद-६, नियम ८४ र नियम ८५ अनुसार वोलपत्र, सिलवन्दी दरभाउपत्र र सोझै परामर्श सेवा खरिद गर्ने व्यवस्था छ । नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले परामर्श तथा डिपीआरसंग सम्बन्धित खर्च तथा प्रतिवेदन दाखिला गरी व्यवस्थित रुपले सोसंग सम्बन्धित अभिलेख राख्नुपर्दछ । पालिकाले यस वर्ष विभिन्न निम्नानुसारको परामर्श सेवा लिई खर्च गरेको छ ।

| गो भौ न | परामर्शदाताको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| २००।८।२८ | आरम्भ कन्सलटिङ्ग प्रा ली | आन्तरिक नियन्त्र प्रणाली तथा सार्वजनिक सेवाको मापदण्ड | ४८९९०० |
| ५९९।१।३१ | सहकार्य कन्सल्ट प्रा ली | विपद जोखिम क्षेत्रको पहिचान र नक्सा | ४८८७२५ |
| ८१९।३।१८ | शुभलक्ष्मी परामर्श सेवा प्राली | मध्यमकालिन खर्च संरचना निर्माण | ४९१५५०। |
| २४६।२।७ | हाउस अफ इन्जिनियरीङ्ग एनलाईसिस एण्ड कन्सल्टेन्सी | रिङ्गरोडको डिपिआर तयार | १४९१६०० |
| ३६४।०८१।३।१८ | एलिशा इन्जिनियरिङ्ग वर्कस एण्ड कन्सल्टेन्सी सर्भिसेज प्रा.लि. | कञ्चन गाउँपालिकाको सिँचाई आयोजना | ४९८३३० |
| ३७९।०८१।३।२१ | इगल्स् सोलुशन्स प्रा.लि. | नागपोखरी तथा जेष्ठ नागरिक मिलन केन्द्रको डि.पि.आर निर्माण | ४९१५५० |

**१. लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा मन्त्रालयवाट स्वीकृत नर्मस, कार्यक्षेत्रगत शर्त र विगतको वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्ने व्यवस्था भएकोमा हाल सम्म नर्मस स्वीकृत नगरेको कारण अन्य आधार र तोकिएको पारिश्रमिकमा आधारित भई परामर्श सेवाको लागत अनुमान तयार गर्ने गरेको पाईयो । नर्म्स निर्धारण गरी लागत अनुमान तयार गर्नुपर्दछ

**२. विज्ञको उपस्थिति -** परामर्श सेवा प्रदान गर्न निम्नानुसार परामर्शदाताहरुले कार्य गर्ने उल्लेख भएकोमा निजहरुको प्रमाणित हाजिर विवरण पेश भएको छैन। जसवाट सम्वन्धितको विज्ञता उपयोग सम्वन्धमा एकिन हुन सकिएन । परामर्श कार्यका लागि विज्ञको Man Days, Field Work, Field Visit and Discussion जस्ता कार्य सहित पालिका प्रमुखले TIME SHEET प्रमाणित गरी सोही अनुसार कार्य गरे नगरेको एकिन गरी मात्र परामर्शदातालाई भुक्तानी दिनुपर्दछ ।सम्झौता वमोजिम विज्ञहरुको संलग्नता पुष्टि हुने प्रमाण संलग्न हुनुपर्दछ ।

**३. सोधभर्ना र डेलिभरेबल्स -** पालिकाले परामर्श कार्यको भुक्तानी गर्दा सोधभर्ना हुने आईटमको कार्यको विल वेगर भुक्तानी गर्ने देखिएकोले विल भरपाई र खर्च पुष्ट्याई हुने गरी मात्र परामर्शदातालाई भुक्तानी गर्नुपर्दछ । साथै सम्झौता अनसारका सबै प्रतिवेदनहरु तोकिएको परिमाणमा प्राप्त गर्नुपर्दछ । पालिकाले परामर्श तर्फको कार्य तथा भुक्तानीमा आगामी दिनमा सुधार गरिनुपर्दछ ।

**४. अभिलेख** – परामर्शसेवा, अध्ययन तथा डि.पि.आर.हरुको अभिलेख व्यवस्थित गरी राख्नुपर्नेमा हाल सम्म भएका डि.पि.आर. तथा अध्ययन प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन । जसवाट हाल भएका कार्यहको दोहोरो पना सम्वन्धमा एकिन गर्न सकिएन । लिएका परामर्श सेवाका तथा डि.पि.आर. प्रतिवेदनको अभिलेख व्यवस्थित गरेर राख्नुपर्दछ ।

**५.कार्यान्वयन -** पालिकाले आवश्यकताका आधारमा मात्र परामर्श सेवा लिने तथा सोको अभिलेख राखि उक्त अध्ययन प्रतिवेदनहरु कार्यान्वयनमा ल्याउनुपर्दछ ।

६.सार्वजनिक खरिद ऐन २०६३ को नियम ८.९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकता पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा यसरी सेवा लिदाँ गर्दा सोको आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । यस्ता सेवा प्रतिवेदन खरिद गर्दा ती आयोजना एवम् कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ।

६७ **प्रोभिजनल सम**

खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ।त्यसैगरी निर्माण व्यवसायीसंग भएको सम्झौता अनुसार विल अफ क्वान्टिटीमा प्रोभिजनल सम अन्तर्गतका सम्बन्धित आईटमको रकम भन्दा बढी दिन मिल्दैन । पालिकाले देहाय अनुसारका ठेक्का सम्झौतामा निम्नानुसारका प्रोभिजल सम आईटमा वि.ओ.क्यूमा उल्लेख भएको भन्दा बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.

| सि.नं. | निर्माण कार्य | निर्माण व्यवसायी | प्रोभिजनल सम आईटम | बि. ओ . क्यू रकम | भुक्तानी रकम | बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|---|
| १ | NCB-९ / 080-81 लौसादेखि कुचेरा फायर<br>लाईनसम्म जोड्ने सडक | ए. आर . के निर्माण सेवा | ल्याब टेस्ट | ४०००० | ६४९४२ | २४९४२ |
| २ | NCB-११ / 080-81 हर्नाचौर भावना टोल देखि शिवमन्दिर सडक | युनिक विल्डर्स | ल्याब टेस्ट | २०००० | ५२३४१ | ३२३४१ |
| ३ | NCB-१० / 080-81 गरगरे देखि<br>वडा नं ५ कार्यालयसम्म | शाही पोख्रेल कन्स्ट्रकसन | ल्याब टेस्ट | २०००० | ४२५६० | २२५६० |
| ५ | NCB-१६ / 080-81 | इन्जेनियम इन्फ्रस्ट्रकचर प्रा लि | ल्याब टेस्ट | १५००० | २१९२२ | ६९२२ |
| ६ | NCB-८ / 080-81 | | ल्याब टेस्ट | १०००० | १४४४० | ४४४० |
| | | | | | | ९१२०५ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२,३८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१,२०५ |

६८ **बढी भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१६,१२४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६९ **सम्झौताको अन्त्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९ को उपनियम ७ बमोजिम सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम शुरु गरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुन सुकै बखत अन्त्य गर्न सक्ने र उपनियम ८ बमोजिमको सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पूरै जमानत जफत हुने तथा सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था रहेको छ । यस पालिकाले निर्माण व्यवसायी समृद्धि यशहश्वी कन्स्ट्रकसनसंग देहाय अनुसारका २ ठेक्का आ.व. २०७९।८० मा ठेक्का व्यवस्थापन गरेकोमा निर्माण व्यवसायीले कार्य अधुरो राखेको र पटक पटक म्याद थप गरेको, कार्य सम्पन्न गर्न ताकेता र कारवाहीको सूचना गरेकोमा समेत सम्पर्कमा नआएको, बेवास्ता गरेको र पालिकाले मौका दिँदा समेत कार्यमा तदारुकता नदिएकोले पालिकले २०८०।८।१० को १२औं कार्यापालिकाको निर्णय अनुसार बैंक जमानत जफत गरी निर्माण व्यवसायीलाई कालोसूचीमा राख्ने निर्णय गरेको पाईयो ।

| निर्माण कार्य | सम्झौता | लागत अनुमान | सम्झौता रकम | निर्माण व्यवसायीलाई भएको भुक्तानी रु | अन्तिम मूल्यांकन अनुसार भएको कार्य | बाँकी कार्यको नयाँ ठेक्का गरी सम्पन्न |
|---|---|---|---|---|---|---|
| NCB-२ / ०७८-७९ बगही देखि बजबजहा दयानगर कालोपत्रे सडक | २०७८।८।२७ देखि २०७९।१२।२३ | ३७७०१८९ | २२५६८३८ | २२५६८३८ | २४०११७६ | निर्माण व्यवसायी इन्जेनियम ईन्फ्रास्ट्रकचरसंग २०८०।८१ मा बाँकी कार्यको लागि NCB-15/80-81 बाट रु . २५७७९२४। – मा सम्झौता गरी कार्य सम्पन्न गरेको |
| NCB-०२ / ०७९-80 हर्नाचौर देखि मंगोलियन सडक कालोपत्रे | २०७९।११।१० देखि २०८०।२।३२ | ६२७८४६९ | ४५४८३४५ | २९९७३५३ | ३२२५२४९।८ | निर्माण व्यवसायी इन्जेनियम ईन्फ्रास्ट्रकचरसंग २०८०।८१ मा बाँकी कार्यको लागि NCB-16/80-81 बाट रु . १७५६५८९। – मा सम्झौता गरी कार्य सम्पन्न गरेको |
| | | | | ५२५४१९१ | ५६२६४२५ | ४३३४५२३ |

कार्यालयले यस सम्बन्धमा निर्माण व्यवसायीको कार्यसम्पादन जमानत रु. १०६४८७६।– र रु.९८५४२९।– जफत गरी दाखिला गरेको जनाएको छ । साथै कार्यालयले यस सम्बन्धमा ठेक्काको अन्त्य गरेकोमा उक्त कार्य सम्पन्न गर्नका लागि निर्माण व्यवसायी इन्जेनियम ईन्फ्रास्ट्रकचरसंग दुवै ठेक्काको लागि २०८०।८१ मा सम्झौता गरी कार्यसम्पन्न गरेको विवरण पेश गरेको छ।

त्यसैगरी पालिकाले निर्माण व्यवसायी समृद्धि यशहश्वी कन्स्ट्रकसनसंग तोडेको दुवै ठेक्काको मूल्यांकन अनुसार भएको कार्य र भुक्तानी हुन बाँकी रु. ३७२२३४।- मध्ये रु. १ लाख ७० हजार पेश्की फर्स्योट गरी भुक्तानी हुनुपर्ने बाँकी रहेको रु. २०३२३३।०० लाई नयाँ ठेक्का सम्झौता अनुसार सम्पन्न गर्न लाग्ने रु. ४३३४५२३।– मा घटाई रु. ४१३१२८९।७४ बाँकी सरह असुल गर्न कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा लेखि पठाउने र उक्त निर्माण व्यवसायीको नाममा कार्यालयमा रहेको सम्पूर्ण धरौटी रकमहरु रोक्का राख्ने कार्यापालिकको बैठक ३५ मिति २०८१।३।१२ मा निर्णय गरेको छ । निर्माण व्यवसायीसंग भएको सम्झौता तथा उल्लेखित खरिद कानुन बमोजिम उक्त रकम निर्माण व्यवसायीसंग सरकारी बाँकी सरह असुल हुनुपर्दछ।

७० **एजबिल्ट नक्सा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ र ठेक्का सम्झौतामा निर्माण कार्य सम्पन्न भएको ३० दिनभित्र एजबिल्ट नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा तोकिएको रकम रोक्का गर्नुपर्ने व्यवस्था छ। पालिकाले अधिकांस सम्झौतामा एजविल्ट नक्सा पेश गर्नु नपर्ने प्रावधान राखेको पाईयो ।एजविल्ट नक्साले निर्माण कार्य तोकिएको ड्रइङ डिजाईन बमोजिम भए नभएको यकिन हुने र निर्माण कार्यको वास्तविक नक्सा देखिने भएकोले महत्त्वपूर्ण हुने हुँदा खरिद नियमावलीको प्रावधान बमोजिम अनिवार्य रुपमा सम्झौतामा पेश गर्नु पर्ने गरी व्यवस्था राख्नु पर्दछ । केही उदाहरण देहाय अनुसार रहेका छन् :

| ठेक्का नम्वर | निर्माण कार्य | निर्माण व्यवसायी | सम्झौता रकम रु | भुक्तानी रु | एजविल्ट नक्सा |
|---|---|---|---|---|---|
| NCB-01 / 2080-81 | हरैया माध्यमिक विद्यालय निर्माण | गौराङ कन्स्ट्रकसन एण्ड इन्जिनियरिङ सर्भिसेस प्रा लि | ९०१३९१९ | ८५०००३८ | N/A गरेको |

७१ **मोटर तथा पम्प सेट**

पालिकाले ७५ प्रतिशत अनुदानमा सिँचाई यान्त्रिकिरण कार्यक्रमकका लागि बोलपत्र मार्फत सौगात ट्रेडर्ससंग रु. १८३०७००।०० को सम्झौता गरी रु. १३७६७००।०० को ३९ थान वाटर पम्प र रु. ४५४४००।०० को २० थान थान मोटर कृषकहरुलाई वित्तरण गरेकोमा यस सम्बन्धमा पालिकाबाट फोटो सहित जडान भएको सम्बन्धमा अनुगमन भएको देखिएन । यससम्बन्धमा अनुगमन हुनुपर्दछ ।

७२ **विमा**

सम्झौताको विशेष शर्त १९.१ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा रु. २० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि समेतको विमा गराउनु पर्ने व्यवस्था रहेकोमा पालिकाबाट भएका ठेक्का व्यवस्थापन कार्य मध्ये अधिकांश विमा पोलिसी घटी अवधिको तथा ठेक्का अवधि पछिको विमा पोलिसी पेश भएको छ । कार्यालयले नियमावली तथा सम्झौता बमोजिम निर्माण कार्यको सम्झौता अनुसार सम्झोता शुरु भएको अवधि देखि सम्पन्न भई त्रुटी सच्याउने अवधिसम्मको नियमानुसार विमा गराउनुपर्दछ ।

७३ **गुणस्तर व्यवस्थापन**

ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सोही व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आस्वस्तता योजना पेश गर्नु पर्नेमा गरेको पाइएन। कार्यालयमा सिमेण्ट, गिट्टी, वालुवा परीक्षण गर्ने मेशिनहरु नरहेको पाइयो । ल्यावमा दरवन्दी रहेको देखिएन ।निजीक्षेत्रका ल्यावहरुमा गुणस्तर परीक्षण गर्दा सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्वन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो होइन एकिन गर्न सक्ने अवस्था छैन । निर्माण सामाग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामाग्रीमात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृती दिएको देखिएन। निर्माण कार्यमा प्रयोग गरिएका सामाग्रीहरुको स्पेसिफिकेसनमा तोकिएको संस्थामा गुणस्तर परीक्षण गराएको पाइएन। गुणस्तर व्यवस्थापनमा कार्यालयको प्राथमिकता बढाई निर्मित संरचनाहरुको गुणस्तरीयतामा विश्वस्त हुने आधार सहित गुणस्तर परिक्षण गर्नुपर्दछ ।

७४ **कन्टिन्जेन्सी खर्च अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची–१ मा व्यवस्था छ । लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।लागत अनुमान तयार गर्दा कन्टिन्जेन्सिको व्यवस्था गर्न सकिने व्यवस्था भएपनि सो रकम खर्च गर्ने, अभिलेख राख्ने कार्य भएको छैन । कन्टिन्जेन्सी सम्बन्धि खर्च विवरण पेश नगरेकोले यससम्बन्धमा उल्लेख गर्न सकिएन ।

७५ **तराई-मधेश समृद्धि कार्यक्रम**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४१०,३६०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

## ७६ उपभोक्ता समिति मार्फत कार्य

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममूलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रममूलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममूलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ । यससम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन् :

• उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि राख्नुपर्दछ ।

• अनुगमन समितिले सम्पन्न भएको कामको अवस्था, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको उक्त विवरणहरु उल्लेख देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्ने गरी अनुगमन गरेर सोही अनुसारको अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण जस्ता कार्य गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वियन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

## ७७ उपभोक्ताबाट हेभी इक्विपमेन्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १० मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ । मेशिन मात्र प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्दा नै स्पस्ट आधार र कारण खोल्नुपर्नेमा सो खुलाएको देखिएन। उपभोक्ता समितिसँग सम्झौता गरेकोमा मेशिन प्रयोगको घण्टा, कामको परिमाण, दर, उल्लेख नभएको निर्माण ब्याबसायीको कर बिजक संलग्न गरी उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो।

यसरी निर्माण कार्यमा उपभोक्ता समिति मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको तथा हेभी मेशिन प्रयोग गर्न सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिएको देखिएन । यसतर्फ सुधार हुनुपर्दछ ।

## ७८ अबण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यस वर्ष देहाय अनुसारका शिर्षकहरुमा अबण्डा बजेट व्यवस्था गरी विभिन्न योजना तथा कार्यक्रममा खर्च गरेको छ। अबण्डामा बजेट राखी तोकादेश तथा निर्णय बाट खर्च गरी सभावाट निर्णय गर्ने गरेको देखिन्छ। पालिकाले यसरी तोकादेश तथा निर्णयको आधारमा खर्च गर्दा बजेटकै हाराहारीमा खर्च भएको देखिन्छ । पालिकाले बजेट व्यवस्थापनलाई पारदर्शिता र पद्धतिमा आधारित बनाई खर्च गर्नुपर्दछ ।

| सि. नं . | कार्यक्रम | बजेट रु. | खर्च रु. |
|---|---|---|---|
| १ | अध्यक्ष स्तरिय निर्णयबाट हुने गरि आक्समिक पुर्वाधार निर्माण | १०००००० | ९३०८०० |
| २ | गाउँपालिका स्तरिय आक्समिक पुर्वाधार निर्माण तथा मर्मत खर्च अध्यक्ष स्तरिय निर्णयबाट खर्च गर्ने गरि | २०००००० | १५११७३९ |
| ३ | वडा समितिको निर्णयबाट हुनेगरि आक्समिक पुर्वाधार निर्माण वडाहरुमा रु . ३ लाखका दरले | १५००००० | १३६४८२९ |
| | | ४५००००० | ३८०७३६८ |

## ७९ लागत सहभागिता

पालिकाले योजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## ८० उपभोक्ता समितिबाट कार्यालय निर्माणका कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१) अनुसार एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपभोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र उपनियम १२ अनुसार उक्त निर्माण कार्य सम्पन्न भए पछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार वा अन्य सरकारी निकायले उपभोग गर्ने, हक भोग नहुने र उपभोक्ता समितिलाई आयोजनाको स्वामित्व हस्तान्तरणा नहुने भवन लगायतका अन्य संरचनाहरू उपभोक्ता समितिबाट निर्माण गर्ने गरी सम्झौता गरेको पाइयो । यस सम्बन्धमा गत वर्षको प्रतिवेदनमा समेत औंल्याएकोमा उक्त कार्य नियन्त्रण भएको देखिएन । यसरी लाभग्राही समुदायले प्रत्यक्ष लाभ लिन नसक्ने विषयमा समेत जनश्रमदान सहित निर्माण कार्य उपभोक्ता समितिबाट गराउन नमिल्ने भएकोले उक्त कार्य नियम सम्मत नदेखिएको रु.

| भौ. नं . | निर्माण कार्य उपभोक्ता समिति | सम्झौता रकम रु | कार्यसम्पन्न | भुक्तानी रु. |
|---|---|---|---|---|
| ६।०८१।३।१० | वडा नं. ३ को स्वास्थ्य चौकीको भवन रंगरोगन तथा निर्माण | ५०००२९ | ४९१८७९ | ४४०००० |
| ३१४।०८१।३।२ | वडा कार्यालय भित्र प्लाष्टर र रंगरोगन कार्य | ३३५७५३ | ३२८४५८ | २९३४०० |
| २२०।०८१।१।१८ | वडा कार्यालयमा गेट निर्माण उपभोक्ता समिति | १६६८३७ | १६७००६ | १५०००० |
| ३८८।०८१।३।२१ | वडा कार्यालय ट्रस तथा सिढि निर्माण वडा नं. ४ उ.स | ९४४८०६ | ६२९१४३ | ५६६०१२ |
| | | | | १४४९४१२ |

| अनियमित भएको | १४,४९,४१२ |
|---|---|

## ८१ फरक सिमेन्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । त्यसैगरी उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा सिमेन्ट प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दरले दररेट विश्लेषण गरेकोमा उपभोक्ताले पि.पि.सि सिमेन्ट प्रयोग गरेको विल पाईएकोले जिल्ला दररेटमा उक्त सिमेन्टको दरमा फरक रहेकोले मूअकरसमेत देहाय अनुसारका बाट असुल हुनु पर्ने रु.

| गो. भौ. नं | योजना उपभोक्ता समिति | योजना भुक्तानी | हुनुपर्ने ओपिसी सिमेन्ट बोरा | ओपिसिको सट्टा प्रयोग भएको पिपिसि बोरा | फरक दर | रकम |
|---|---|---|---|---|---|---|
| ११०।०८०।११।१७<br>प्रदेश | गजेडि मा वि मा साइकल स्ट्यान्ड निर्माण | १००००० | ३१ | ३१ | १०१.७ | ३१५२ |
| १५१।०८०।१२।९<br>प्रदेश | विजयनगर शिवालय टोलमा खेलकुद मैदान निर्माण | ५००००० | १२४ | १२४ | १०१.७ | १२६१० |
| | | | | | १०१.७ | १५७६२ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५,२८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,७६३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १५,७६२ |
|---|---|

## ८२ मूल्य अभिवृद्धि कर

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा सरकारी रकम खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भरपाई र कागजात संलग्न भए नभएको यकिन गर्नुपर्ने उल्लेख छ । नमुना छनौट गरी हेर्दा पालिकाले देहाय अनुसारका उपभोक्ता समितिका कार्यमा उपभोक्ताले पेश गरेको मूल्य अभिवृद्धि कर सहितको विल भन्दा बढी हुने गरी मूल्य अभिवृद्धि लागत अनुमानमा समावेश गरी मूल्यांकन अनुसार भुक्तानी दिँदा बढी मूल्य अभिवृद्धि कर असुल गर्नुपर्ने रु.

| भौ नं मिति | उपभोक्ता समिति | विवरण | मूल्यांकन अनुसार भुक्तानी भएको मूअकर | पेश भएको मूअकर विल अनुसार | मूअकर बढी भुक्तानी रु. |
|---|---|---|---|---|---|
| ३५३। ०८१। ३।१३ | गजेडी स्वास्थ्य चौकीमा घेराबारका लागि संरचना निर्माण | ईटा लगाउने कार्यमा २२६०१ ईटाको मूल्यांकन अनुसार मूअकरसमेत रु. ३६६४८६।०० भुक्तानी भएकोमा रु. २९८२८३।०० को विल पेश | ४२१६२ | ३४३१६ | ७८४६ |
| प्रदेश | | | | | |
| ८५। ०८०। १०। २५ | मगर संग्रहालय अधुरो भवन निर्माण वडा नं १ | CBEC Interlocking Block लगाउने कार्यमा २३३० ब्लकको मूल्यांकन अनुसार मूअकरसमेत रु . १३९५४३।०० भुक्तानी भएकोमा १९५० ब्लकको रु. ८३६२८।०० को विल पेश | १६०५३ | ८६२८ | ७४२५ |
| | जम्मा | | | | 15271 |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **७,८०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | १५,२७१ |
|---|---|

८३ **विल वेगर भुक्तानी**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

८४ **अन्य संस्थाको कार्य**

स्थानीय सरकार संचालन, २०७४ मा स्थानीय तहको कार्यक्षेत्र भित्र नपर्ने अन्य संघ संस्थाको लागि खर्च गर्ने व्यवस्था रहेको देखिदैन । तर पालिकाले यस वर्ष भौ.नं. ४६।०८०।९।२३ बाट रेडक्रस भवनको कम्पाउन्ड वाल निर्माणका रेडक्रस भवनको कम्पाउन्ड वाल निर्माण उपभोक्ता समितिलाई रु. ४४६७२९।०० को कार्य सम्पन्न गरेवापत रु. ४०००००।- भुक्तानी दिएको नियम सम्मत नदेखिएको रु.

| अनियमित भएको | ४,००,००० |
|---|---|

८५ **सामुदायिक वन**

वन नियमावली, २०७९ को नियम ४२ मा सामुदायिक वनको संरक्षण र व्यवस्थापनको जिम्मा समेत स्वयं वन उपभोक्ता समिति हुने रहेको देखिन्छ । सोही नियमावलीमा स्थानीय तहले सामुदायिक वन उपभोक्ता समितिको कार्ययोजना बमोजिम डिभिजन वन कार्यालय, स्थानीय तह तथा सामुदायिक वन उपभोक्ता समूहको सहकार्यमा पर्यापर्यटनको कार्य गर्न सक्ने उल्लेख छ । पालिकाले यस वर्ष पालिकामा रहेको सामुदायिक वनहरुबाट राजश्व नलिए पनि नमुना छनौटका आधारमा हेर्दा देहाय अनुसारका सामुदायिक वनको तारबार व्यवस्थापन वापत खर्च गरेको पाईयो । सामुदायिक वन आफैंले आम्दानी गरेको रकमबाट गराउनुपर्दछ । यसरी सामुदायिक वनको कार्ययोजना बमोजिम डिभिजन वनको सहकार्यमा वन व्यवस्थापन तथा संरक्षणको कार्य हुनुपर्नेमा पालिकाबाट डिभिजन वनको सिफारिस तथा जानकारी वेगर वन संरक्षण तथा व्यवस्थापन वापत खर्च गरेको नियम सम्मत नदेखिएको रु.

| भौ. नं मिति | कार्य विवरण | रकम रु |
|---|---|---|
| ३३५।०८१।३।१७ | रुद्रपुर सामुदायिक वनभित्र चिसापानी घोलामा वाल निर्माण | १०००००० |
| ७६।०८०।१०।१७ | जिग्रिया सामुदायिक वनमा बाटोको साइट तारबार | ८००००० |
| | | ९००००० |

| | |
|---|---|
| अनियमित भएको | ९,००,००० |

८६ **गत विगतको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ ।पालिकाबाट गत विगत वर्षमा दिएको पेश्की देहायअनुसारको बाँकी रहेको विवरण सुत्रको मलेप फारम नं २११ फर्छयौट गर्न बाँकी पेश्कीको मास्केवारीबाट देखिएकोले नियमानुसार उक्त पेश्की फर्छयौट हुनु पर्दछ ।

| मिति | कार्यक्रम | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| २०७८।७९ | अन्य सार्वजनिक निर्माण | दीर्घायु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ८००००० |
| २०७९।८० | अन्य सार्वजनिक निर्माण | यूनिक कन्स्ट्रक्सन | ७००००० |
| २०७८।७९ | कार्यक्रम खर्च | वि श्री प्रगति माध्यमिक बिध्यालय | ५५४५००० |
| २०७८।७९ | कार्यक्रम खर्च | वि श्री सरस्वती माध्यमिक विद्यालय | ३६०००० |
| | जम्मा | | ७४०५००० |

८७ **मू.अ.कर समायोजन**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| भौ नं | कार्य | व्यवसायी | कर दर्ता नं | विल नं | मिति | विल रकम | मूअकर | |
|---|---|---|---|---|---|---|---|---|
| ९२।०८०।११।१ | गाउपालिका स्तरिय आक्समिक पूर्वाधार | सनलाईट कन्स्ट्रकसन | ६१८११३३७० | २ | २०८०।१०।२६ | ८३४९२९ | ९६०५३ | विल नं हातले लेखेको |
| ७५।०८०।१०।१६ | जनज्योती मा.वि. पुर्वाधारजन्य मर्मत तथा व्यवस्थापन | कन्चन हरैया कन्क्रिट उद्योग एण्ड सप्लायर्स | ६०९६७०७२१ | नभएको | २०८०।१०।६ | ४६६४४९४ | ६०६४४ | विल नं नभएको |
| १३०।०८०।११।२२ | सानो उकाली सडक पश्चिम तर्फ स्यालो ट्युववेल जडान | कृष्ण हार्डवेयर एण्ड मेशिनरी | ६०७३०७७२६ | १२७ | २०८०।१०।१९ | ४७४९३ | ५४६३ | टिपेक्स लगाएको |
| १४७।०८०।१२।९ | खोपकेन्द्रमा जिप्सन राख्ने कार्य | हरैया सप्लायर्स | ६१४४०१५४५ | २५८ | २०८०।१०।१७ | ३१९८३ | ३६७९ | विल नं हातले लेखेको |
| १४७।०८०।१२।९ | खोपकेन्द्रमा जिप्सन राख्ने कार्य | हरैया सप्लायर्स | ६१४४०१५४५ | २६९ | २०८०।१०।२१ | ८७१०० | १००२० | विल नं हातले लेखेको |
| | | | | | | | १७५८५९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७५,८५९ |

## ८८ पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. ६९९७४६।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की फर्स्यौट गर्न बाँकी रहेको देखिन्छ । उक्त पेश्की पालिकाले २०८१।८२ मा फर्सयौट गरेको जनाएको छ ।

| मिति | कार्यक्रम | पेश्की लिनेको नाम | म्याद नाघेको | जम्मा |
|---|---|---|---|---|
| २५४।०८१।२।९ | वडाका विभिन्न स्थानमा विद्युत लाईन मर्मत | नेपाल विद्युत प्राधिकरण भैरहवा/ | २४९९५४ | २४९९५४ |
| २५४।०८१।२।९ | वडाका विभिन्न स्थानमा विद्युत मर्मत | नेपाल विद्युत प्राधिकरण भैरहवा/ | १९९८३८ | १९९८३८ |
| २९८।०८१।२।२८ | वडाका विभिन्न ठाँउमा विद्युत मर्मत | नेपाल विद्युत प्राधिकरण भैरहवा वितरण केन्द्र | २४९९५४ | २४९९५४ |
| | | | | ६९९७४६ |

## ८९ सामाजिक सुरक्षा तर्फ

८९.१ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरू निम्नानुसार छन ।

**भत्ता निकासाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१२) बमोजिम नेपाल सरकारले त्रैमासिक रुपमा बजेट निकासाको व्यवस्था गरे बमोजिम यस पालिकाले लाभग्राहीहरुको खातामा दाखिला गर्न पहिलो ,दोस्रो, तेस्रो र अन्तिम चौथो त्रैमासिक गरी जम्मा रु, १६ करोड ५० लाख १४ हजार ६१२ EFT मार्फत निकासा गरेको देखिन्छ ।तर नियमावलीमा व्यवस्था भएको समय सिमाभित्र लाभग्राही समक्ष रकम EFT गरेको देखिएन । नियमावलीले तोकेको समयावधि भित्र सम्बन्धित खातामा रकम पठाई वितरणको सुनिश्चितता हुनुपर्दछ ।

**हिसाब मिलानः** सामाजिक सुरक्षा वापतको रकम लाभग्राहीको खातामा जम्मा भई कुनै कारणबश खाता बन्द गर्नुपर्दा वा लगतकट्टा गर्नुपर्दा बाँकी रकम १५ दिन भित्र फिर्ता गरिसक्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले लाभग्राहीलाई विभिन्न त्रैमासिकको रकम भुक्तानी गर्दा लगतकट्टा भएको अवस्थामा होल्डमा बसेको रकम समयमै फिर्ता गरेको पाइएन । आर्थिक वर्षको अन्त्यमा मात्र हिसाब मिलान गरी बाँकी रकम फिर्ता गरेको पाइयो । यसमा पालिकाले ध्यान दिनु पर्दछ।

८९.२ **सामाजिक सुरक्षा भत्ता फिर्ता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले EFT प्रणाली लागु गरेसंगै सम्बन्धित लाभग्राहीको खातामा रकम ट्रान्सफर गरेको तर वडा नं. १ र वडा नं. २ मा उल्लेखित लाभग्राहीहरुको लगतकट्टा भई खाता बन्द भई सक्दा पनि बैंकले उक्त होल्डमा रहेको रकम रु, ७०२५१ फिर्ता नगरेकोले संघीय संचितकोषमा फिर्ता गर्नु पर्ने रु,

| बैंकको नाम | त्रैमासिक | लाभग्रहीको नाम | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|
| | | युवनाथ पौडेल | ५२०० |
| | | गम्बिर थापा | १२००० |
| | | प्रेमदेइ थारु | ९८१ |
| | | नन्दा मगर्नी | ३६०० |
| | | हरीलाल शर्मा | ९६०० |
| | | सुशिला जैसिनी | ४२६७ |
| | | फुलनिया थरुनी | ३८६७ |
| | | सुभागी लोढ | ९३४ |
| नेपाल इन्भेस्टमेन्ट मेगा बैंक | सबै त्रैमासिकको बाँकी ( वडा नं . १ र २ ) | फुल माटिया थारु | २७०० |
| | | खर्क बहादुर थापा | ७४६७ |
| | | विश्वनाथ केवत | ४००० |
| | | ओम बहादुर कार्की | ४००० |
| | | गुजारी लोढ | २०५९ |
| | | कमली मल्लाह | ९५७६ |
| जम्मा | | | ७०२५१ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७०,२५१ |

८९.३ **लगत कट्टाः** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी, २०७५ को परिच्छेद ३ दफा १२ मा लाभग्राहीको मृत्यु भएमा लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । मृत्यु भई लगत कट्टा भएका लाभग्राहीलाई लगत कट्टा पछिको अवधिको रकम निकासा दिन मिल्दैन । यस पालिकाको लगत कट्टा र निकासाको विवरण भिडान गर्दा देहायका लाभग्राहीहरुलाई लगत कट्टा पछिको अवधिमा समेत बैंक मार्फत निकासा दिइएकोले असुल गर्नु पर्ने रु,

| नाम | वडा नं. | क्षेत्र | लगतकट्टा | भुक्तानी | हुनुपर्ने | बढी भुक्तानी भएको |
|---|---|---|---|---|---|---|
| सन्त कली थापा | ४ | अन्य जेष्ठ नागरिक | २०८०।११।८ | १२००० | ५०६६ | ६९३४ |
| खगीसरा रावल | ४ | अन्य जेष्ठ नागरिक | २०८०।११।२८ | १२००० | ७७३३ | ४२६७ |
| डम्मर बहादुर थापा | ४ | अन्य जेष्ठ नागरिक | २०८०।११।११ | १२००० | ५४६६ | ६५३४ |
| देउ कुमारी | ४ | अन्य जेष्ठ नागरिक | २०८०।११।१४ | १२००० | ५८६७ | ६१३३ |
| शेर बहादुर खत्री क्षेत्री | २ | अन्य जेष्ठ नागरिक | २०८०।१०।३ | ४४०० | ४०० | ४००० |
| नन्दा देवी सुनार | ४ | जेष्ठ नागरिक दलित | २०८०।११।१४ | ७९८० | ३९०१ | ४०७९ |
| गज बहादुर सुनार | ४ | अन्य जेष्ठ नागरिक | २०८०।५।२० | ७८७१ | ६६६७ | १२०४ |
| सरुमादेवी सुनार | ४ | अन्य जेष्ठ नागरिक | २०८०।५।५ | ७८७१ | ४६६६ | ३२०५ |
| सुर्य कली सार्की | १ | अन्य जेष्ठ नागरिक | २०८०।६।१६ | १२००० | १०१३३ | १८६७ |
| खैसरा बर्मा | ४ | अन्य जेष्ठ नागरिक | २०८१।३।२१ | १२००० | १०८०० | १२०० |
| भद्रीकला फौजा | ४ | अन्य जेष्ठ नागरिक | २०८१।३।११ | १२००० | ९४६७ | २५३३ |
| सुवर्ण मल्ल | २ | अन्य जेष्ठ नागरिक | २०८१।१।८ | ५६२५ | १०६६ | ४५५९ |
| तारा थारु | ४ | अन्य जेष्ठ नागरिक | २०८०।६।४ | ११५८२ | ० | ११५८२ |
| हस्ती देवी थापा | २ | अन्य जेष्ठ नागरिक | २०८०।७।११ | २१३३ | १३३ | २००० |
| जम्मा | | | | | | ६००९७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६०,०९७ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : कन्चन गाउँपालिका, रुपन्देही , कन्चन गाउँपालिका , रुपन्देही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Sagar Gautam | २०७९-११-२५ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Santosh Gaire | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,१०६,६८८ | ७,९६४,६८० | २,६१६,२०० | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ११,६८७,५६८ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | २,०७९,१९८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ९,६०८,३७० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९३१३०७८५.५६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३१०४०८१८३.५ | **चालु खर्च** | ३०८०५०५२६.५६ |
| **प्रदेश सरकारबाट अनुदान** | २६७२६८९३ | **पूँजीगत खर्च** | १६३७५१९१२ |
| **राजश्व बाँडफाँट** | ७७७३३४७४.२४ | **वित्तीय/अन्य व्यवस्था** | १७२२३०१११.२२ |
| **आन्तरिक आय** | ३६२७६७९१.६९ | | |
| **अन्य आय** | १८३०४८९८८.५९ | | |
| **कुल आय** | ६३४१९४३३१.०२ | **कुल खर्च** | ६४४०३२५४९.७८ |
| **बाँकी मौज्दात** | | ८३२९२५६६.८ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। साथै निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्यसमेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- आन्तरिक लेखापरीक्षण बेहोरा पूर्ण रुपमा कार्यान्वयन नहुने र आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।